बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

प.सं:२०८०/०८१ मिति:२०८१/०१/०४
च.नं.:

विषयः- आवेदन माग गरिएको सूचना ।

प्रस्तुत विषयमा आर्थिक वर्ष २०८०/०८१ मा "नगरप्रमुख छात्रवृत्ति कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०" बमोजिम अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, दलितसहित बेपत्ता पारिएका परिवारका सदस्य, अभिभावकविहीन बालबालिबालिका, वैदेशिक रोजगारीका सिलसिलामा मृत्यु भएका कामदारको परिवार र अति विपन्न वर्गका अन्य समुदायका परिवारका सदस्यलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहेकाले सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र बर्दघाट नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा यसैसाथ संलग्न ढाँचामा निवेदन पेस गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत

पूनश्चः थप जानकारीका लागि www.bardaghatmun.gov.np मा गई "नगरप्रमुख छात्रवृत्ति कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०" अध्ययन गर्नुहुन अनुरोध छ ।

बोधार्थः
श्री सूचना प्रविधि शाखाः कार्यालयको फेसबुक पेज तथा वेभसाइटमा अपलोड गरिदिनुहुन ।

कार्यालय फो नं.: +९७७ ०७८ ५८०२१०, ५८०४०७, दमकल: १०१, +९७७७८ ५२०८७४
इमेल:info@bardaghatmun.gov.np, bardaghatmunicipality@gmail.com,वेबसाईट: www.bardaghatmun.gov.np

अनुसूची-१

(कार्यविधिको दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

मितिः.............................

श्री शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखज्यू,
बर्दघाट नगरपालिका ।

विषयः छात्रवृत्तिको लागि आवेदन पेस गरेको सम्बन्धमा ।

महोदय,

उपर्युक्त सम्बन्धमा त्यस कार्यालयबाट मिति ...... मा प्रकाशित सूचनाबमोजिम (निवेदको बुवा/आमाको नाम) को छोरा/छोरी/ बुहारी म (निवेदकको नाम) बर्दघाट नगरपालिका वडा नं....... मा स्थायी बसोबास गर्दै आएको र हाल श्री (विद्यालयको/क्याम्पसको नाम) मा (अध्यनरत कक्षा वा तह) मा अध्ययनरत रहेको छु । बर्दघाट नगरपालिकाको नगर प्रमुख छात्रवृत्ति कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० ले व्यवस्था गरे बमोजिम शैक्षिक छात्रवृत्ति पाउनको लागि म योग्य भएको हुँदा दहायबमोजिमका कागजातहरू संलग्न राखी आवेदन पेस गरेको बेहोरा अनुरोध गर्दछु ।

**संलग्न कागजातहरू**

(क) विद्यालय वा क्याम्पसले निवेदकले तहाँ अध्ययन गरिरहेको र क्याम्पस/विद्यालयबाट यस किसिमको छात्रवृत्ति प्राप्त नगरेको खुल्ने बेहोराको सिफारिस पत्र ।

(ख) विपन्नता वा गरिबीको हकमा गरिबी परिचयपत्रको प्रतिलिपि वा सो नभएको अवस्थामा वडाले बेहोरा खुलाई दिएको सिफारिसको सक्कलै पत्र ।

(ग) अघिल्लो कक्षा/तह उत्तीर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।

(घ) बेपत्ता परिवार, सहिद तथा जनआन्दोलनका घाइते परिवारको हकमा मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रमाणपत्र वा सिफारिस पत्रको प्रतिलिपि ।

(ङ) विद्यार्थीको स्थायी रूपमा बसोबास गर्दै आएको र दलित भएको भए वडा कार्यालयको सिफारिसको सक्कलै पत्र ।

(च) अपाङ्गताको हकमा परिचयपत्रको प्रतिलिपि ।

(छ) एकल महिला, टुहुरा/असहायको/अभिभावकविहीन विद्यार्थीको हकमा वडाको सिफारिस पत्र ।

बर्दघाट नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दघाट, नवलपरासी लुम्बिनी प्रदेश नेपाल

२०८१/०९/०८

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

(कार्यविधिको दफा ९ सँग सम्बन्धित)

लाभग्राही छनौटका आधारहरू

| क्र.सं. | छनौटका आधारहरू | दिइने अङ्क | प्रमाण पुग्ने कागजातहरू |
|---|---|---|---|
| १. | गरिबी | ४ | भूमि व्यवस्था सहकारी र गरिबी निवाकरण मन्त्रालयले जारी गरेको परिचयपत्रको |
| | (क) अति गरिब घरपरिवार भएको गरिबी परिचयपत्र भएको | ४ | |
| | (ख) गरिब घरपरिवार भएको गरिवी परिचयपत्र भएको | ३ | |
| | (ग) अति गरिब परिवार भएको वडाको सिफारिस | २ | वडाको सिफारिस |
| | (घ) गरिब परिवार भएको वडाको सिफारिस | १ | |
| २. | अपाङ्गता | २ | |
| | (क) बुवा/आमा र लाभग्राही अपाङ्ग | २ | परिचयपत्र |
| | (ख) लाभग्राही/ बुवा/आमा अपाङ्ग | १ | |
| ३. | एकल महिला/ टुहुरा असाहय/अभिभावकविहीन | ३ | विद्यार्थीको स्वःघोषण र वडाको सिफारिस |
| | (क) बुवाआमा कोहि नभएको | ३ | |
| | (ख) आमा मात्र भएको | २ | |
| | (ग) बुवा मात्र भएको | १ | |
| ४. | बेपत्ता परिवार, सहिद तथा जनआन्दोलनका घाइतेका सन्तान | २ | मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रमाणपत्र/ सिफारिस पत्र |
| ५. | जेहन्दार | ३ | |
| | (क) प्रथम श्रेणी वा जिपीए ३.२ देखि ४ सम्म | ३ | अघिल्लो कक्षा/तहको लब्धाङ्क पत्र |
| | (ख) द्वितीय श्रेणी वा जिपिए २.४ देखि २.८ सम्म | २ | |
| | (ग) तृतीय श्रेणी वा जिपिए १.६ देखि २.० सम्म | १ | |
| ६. | दलित परिवार | १ | वडाको सिफारिस |
| | जम्मा | १५ | |

आज्ञाले,

२०८१/०७/०८

(प्रकाश खनाल)

प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल